# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ
(शिक्षा, युवा तथा खेलकुद शाखा)

पत्र संख्या : २०७६/०७७
चलानी नं. १२२९

**१ नं. प्रदेश**
मिति: २०७७/०३/३१

**श्री यस पालिकाका सामुदायिक विद्यालयमा कार्यरत अन्य जिल्लाका सबै शिक्षकशिक्षिकाहरु ।**

**विषय : उपस्थित हुने बारे ।**

प्रस्तुत विषयमा हाल कोभिड-१९ का कारण देश पूर्ण रुपमा बन्दबन्दीको अवस्थमा रहेकोले विद्यालयका पठनपाठन लगायत अन्य शैक्षिक तथा प्रशासनिक क्रियाकलाप लामो समयदेखि संचालन हुन नसकेको सर्वविदितै छ । नेपाल सरकारको मिति २०७७ असार १ गतेदेखि सबै कर्मचारीहरु तथा शिक्षकशिक्षिकाहरु कार्यालयमा उपस्थित भई क्रियाकलाप संचालन गर्नु गराउनु भन्ने निर्णय भएता पनि बाहिर बसोबास गर्ने तर हाल यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकशिक्षिकाहरु विविध कारणले विद्यालयमा हाजिर हुन नसकेको जानकारी आएकोले मिति २०७७ असार १२ गतेको प्र.अ. बैठक र मिति २०७७ असार १६ को गाउँ शिक्षा समितिको बैठकको निर्णयानुसार कोभिड-१९ का कारण भएको शैक्षिक क्षति न्यूनिकरण गर्नका लागि पालिका बाहिर बसोबास गर्ने/रहनु भएका सम्पूर्ण शिक्षकशिक्षिकाहरु श्रावण २ गतेदेखि ५ गते सम्म सम्बन्धित विद्यालयमा उपस्थित भई नियमानुसार सुरक्षित तरिकाले १४ दिन क्वारेन्टाइन/होम क्वारेन्टाइनमा बसी ततपश्चात विद्यालयका शैक्षिक लगायत अन्य क्रियाकलापमा सहभागी भईदिनु हुन जानकारी गराइन्छ ।

सुरजकुमार कार्की
शिक्षा अधिकृत
(छाप: सुरजकुमार कार्की, शिक्षा शाखा प्रमुख)

रविन मगर
प्रमुख प्रशासकिय अधिकृत
(छाप: प्रमुख प्रशासकीय अधिकृत)

**बोधार्थ :**
**श्री सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु ।**
सम्बन्धित शिक्षकशिक्षिकाले यस पत्रसाथ निवेदन दिएमा यस पालिकामा आउनको लागि सवारी पास जारी गरी सहयोग गरिदिनु हुन अनुरोध ।